नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०

लाजिम्पाट, काठमाडौं।

प्रेस विज्ञप्ती-२०

"VOIP उपकरण र सो संग सम्बन्धित सामाग्री सहित जिल्ला चितवन, भरतपुरबाट १ (एक) व्यक्ति पक्राउ"


प्रस्तुत बिषयमा जिल्ला चितवन, भरतपुर म.न.पा. वडा नं. ०२ आँपटारीमा अवैध रुपमा अन्तर्राष्ट्रिय कल बाइपास (VOIP) को प्रयोग गरी दुरसञ्चार ऐन, २०५३ को दफा ४७ को उपदफा ५ बमोजिमको कसूरमा संलग्न निम्न व्यक्तिलाई नेपाल प्रहरी केन्द्रीय अनुसन्धान व्यूरो र जिल्ला प्रहरी कार्यालय, चितवनको संयुक्त प्रहरी टोलीले नेपाल टेलिकम र एनसेल आजियाटा लि. को प्राविधिक समन्वयमा सम्बन्धित सामाग्रीहरु सहित नियन्त्रणमा लिई प्रारम्भिक अनुसन्धान गर्दा उक्त उपकरण तथा सामाग्रीहरु अवैध रुपमा अन्तर्राष्ट्रिय कल बाइपास (VOIP) मा प्रयोग भइरहेको भन्ने खुल्न आएको हुँदा सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालय चितवनमा थप अनुसन्धान भइरहेको।

पक्राउ व्यक्ति तथा बरामद उपकरण तथा सामाग्रीहरुको विवरण:

१. **Kathram Nithin:**

भारतीय नागरिक वर्ष २५ का **Kathram Nithin** लाई चितवन, भरतपुर म.न.पा. वडा नं. ०२ आँपटारी स्थित निर्मला विष्टको घरमा मोबाईल सेट थान-२६, ल्यापटप थान-२, NCELL सिमकार्ड थान-७७, NTC सिमकार्ड थान-१८, CPU थान-४, इन्भर्टर थान-१, ब्याट्री थान-२, USB २० पोर्ट-६ थान, USB Cellular modam-३३, USB otg to audio cable थान-३०, Network स्वीच ५ पोर्टको थान-१, इन्टरनेट राउटर थान-२ र विभिन्न प्रकारका डेटा केबुलहरु।

संलग्न फोटोहरु:





मिति:२०८३ असोज १ गते।
नेपाल सम्वत् ११४६

अनुपम शमशेर ज.ब.रा.
(प्रहरी वरिष्ठ उपरीक्षक)
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं: ९८५१२९१३११